ISSN 2321-144X

# नेपाली अकादमी जर्नल
# NEPALI ACADEMY JOURNAL

## लोकवार्ता अङ्क

ENLIGHTENMENT TO PERFECTION

उत्तर बङ्ग विश्वविद्यालय
नेपाली विभाग

# नेपाली अकादमी जर्नल

नेपाली भाषा, साहित्य र संस्कृतिबारे अनुसन्धानमूलक अर्द्धवार्षिक

वर्ष : १६ | अङ्क : १७-१८ | जुन, २०२०

## लोकवार्ता अङ्क

सम्पादक

मोहन पी. दाहाल

उत्तर बङ्ग विश्वविद्यालय

नेपाली विभाग

सम्पादन मण्डलीका सदस्यहरू

अर्जुन प्रसाद

नरेशचन्द्र खाती

कृष्णराज घतानी

© सर्वाधिकार सुरक्षित

ISSN 2321-144X


| | | |
|---|---|---|
| सम्पादक | : | मोहन पी. दाहाल [Email ID : mohanpdahal.nbu@gmail.com] |
| प्रकाशक | : | रजिस्ट्रार, उत्तर बङ्ग विश्वविद्यालय |
| मुद्रक | : | उत्तर बङ्ग विश्वविद्यालय छापाखाना<br>राजाराममोहनपुर,<br>दार्जिलिङ - ७३४०१३ |
| सम्पादन कार्यालय | : | नेपाली विभाग<br>उत्तर बङ्ग विश्वविद्यालय |
| दूरभाष | : | (०३५३) २७७६३२० |
| कम्प्युटर सज्जा | : | लक्ष्मीप्रसाद गुरागाईं |

Dhimal Jatiko Parichoya Ra Tinka Lokkhatha

# धिमाल जातिको परिचय र तिनका लोककथा एवम् लोकविश्वास

Abham Lokbishwash

Mukunda Rai
■ मुकुन्द राई

सार

धिमाल जातिको नामधाम, उद्गम स्थल, बसोबास, भाषा, संस्कार-संस्कृति, रीतिथिति, प्रचलित श्रुति परम्परा, मौखिक इतिहास तथा लिखित ऐतिहासिक विवरणका आधारमा प्रस्तुत प्रबन्ध तयार पारिएको छ। यो विशेषतः धिमाल जातिको लोककथा र लोकविश्वासमा केन्द्रित रहेको छ। निष्कर्षतः धिमाल जाति प्रकृति पूजक रहेको छ।

**बीज शब्द-** धिमाल, दिहोङ, दिगारो, दिमाआल, मदेसका किराँती, वाराङ्ग-वेराङ्ग, काथा, शाको दिर, ग्राम दिर, ग्रामथान, बुढा सुब्बा, जाउरागेलाई, देरागेलाई।

## १. नामकरण

धिमाल जातिको नामकरण सम्बन्धी विभिन्न विद्वान्हरूले अनेत मत प्रकट गरेका छन्। धिमाल नाम सम्बन्धी धिमाल जातिहरूमा पनि सठिक जानकारी रहेको पाइँदैन। धिमालहरूमा प्रचलित दन्त्य कथा साथै जनश्रुतिका आधारमा र शोध-अनुसन्धानका आधारमा धिमाल शब्दको अर्थ यस प्रकार पाइन्छ-

धिमाल शब्दको उत्पत्ति सम्बन्धी एक अनुमानअनुसार- दिहोङ र दिगारो शब्दहरू आसाम क्षेत्रतिर प्रचलित रहेको पाइन्छ। दि-को अर्थ कछाडी र मेचे भाषामा पानी र नदी भन्ने हुन्छ। दि-सँग होङ र गारो संयुक्त भएर दिहोङ र दिगारो शब्द निर्माण हुन्छ। यही दिहोङ अथवा दिगारो शब्दबाट दिमाल हुँदै धिमाल[१] बन्न गएको भन्ने पाइन्छ।

अर्को अनुमानअनुसार धिमालहरू उत्तर-पूर्वी हिमालबाट आएको हुनाले हिमाल शब्दबाटै धिमाल बन्न[२] गएको भन्ने मानिएको छ। त्यसरी नै धिमालहरूका छिमेकी जाति, विशेष गरी थारू र राजवंशीहरू धिमाललाई ढेमाल पनि भन्ने गर्छन्। धिमाल भाषामा ढे-को अर्थ छुट्टिएको र माल-को अर्थ मधेस[३] हो। अतः धिमालहरू हिमाली क्षेत्रका बहुसङ्ख्यक किराँत शाखाका लिम्बु र राईहरूसँग छुट्टिएर मधेसतिर बसाइ सरेका हुन् भन्ने बुझिन्छ।

---

१-२ तुलसी दिवस, वि स २०३९, धिमाल लोकधर्म र संस्कृति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, पृ. २।

३. पूर्ववत्, पृ. २।